# 'चेतना' एकाङ्कीमा प्रयुक्त लोकविश्वास

*कान्छी महर्जन, पिएच.डी* [*]

***Article History:*** *Received 13 Sep. 2022; Reviewed 23 Oct. 2022; Revised 23 Nov. 2022; Accepted 28 Dec. 2022.*

## *लेखसार*

*प्रस्तुत लेखमा जयन्ती 'स्पन्दन'द्वारा लिखित 'चेतना' शीर्षकको एकाङ्कीलाई लोकविश्वास दृष्टिले विश्लेषण गरिएको छ । यस अध्ययनमा लोकविश्वासलाई अध्ययनको एउटा महत्त्वपूर्ण आधारका रूपमा लिइएको छ । लोकविश्वास लोकजीवनसँग जोडिएको हुन्छ । अझ भनौँ लोकविश्वास नै लोकजीवनको मियो हो । यो शब्द 'शकुन'सँग सम्बन्धित भएकाले प्राचीन समयमा लोकविश्वासलाई शकुन पनि भनिन्थ्यो । 'शकुन' शब्दले लोकले विश्वास गर्ने शुभाशुभ सन्दर्भलाई सङ्केत गर्दछ तथापि सबै लोकविश्वास सकारात्मक अर्थका मात्र देखिँदैनन् । कतिपय नकारात्मक प्रकृतिका लोकविश्वास लोकजीवनमा रहेका छन् । यस्तै मानव शरीर, खाना, मानवेतर शरीर, यात्रा, व्यवहार, सपना, आदिसँग सम्बन्धित लोकविश्वास नेपाली लोकजीवनमा विद्यमान देखिन्छन् । यस लेखमा यिनै लोकविश्वासका आधारमा 'चेतना' एकाङ्कीको अध्ययन र विश्लेषण गरिएको छ । प्रस्तुत एकाङ्कीमा धर्म र संस्कृतिसँग सम्बन्धित लोकविश्वासले लोकजीवनमा बढी प्रभाव पारेको र त्यसले नकारात्मक अर्थका साथ लैङ्गिक असमानतालाई बढावा दिएको यथार्थसँग साक्षात्कार गराउँदै समाज रूपान्तरका लागि यस्ता लोकविश्वास लोकजीवनमा अन्त्य हुनुपर्ने क्रान्तिकारी वैचारिकी अनिवार्यताको निष्कर्ष निकालिएको छ ।*

***शब्दकुञ्जी :*** *अन्धआज्ञापरायणता, अनिष्ट, सङ्केतन, शकुन, अपशकुन*

## विषय परिचय

नारी नाटककार जयन्ती 'स्पन्दन'द्वारा लिखित *चेतना* शीर्षकको एकाङ्कीमा रजस्वला हुनुलाई पापको परिणाम ठान्दै त्यससँग गाँसिएका नकारात्मक प्रकृतिका लोकविश्वासको आधिक्यता पाइन्छ । लोकविश्वासको एक प्रमुख कडी धर्म पनि हो । नेपाली समाजमा प्रचलित लोकविश्वासको सूत्र कतै न कतै धर्मसँग गएर जोडिएकै हुन्छ । यसरी धर्मसँग जोडिएका लोकविश्वास सकारात्मक र नकारात्मक दुवै अर्थका देखिन्छन् तर *चेतना* शीर्षकको एकाङ्कीमा धर्मसँग जोडिएका नकारात्मक लोकविश्वासको प्रकटीकरण देखिन्छ । शकुनशास्त्रमा निषेध गरिएका कार्य गरेमा अनिष्ट बेहोर्नुपर्ने लोकविश्वास नेपाली समाजमा कायम छ । अपशकुनलाई लोकविश्वासले कुसङ्केत मान्दछ ।

मानव जीवनको प्रारम्भको समयदेखि नै जीवनलाई सुरक्षित र मर्यादित गर्न हरेक तरहका जस्तै खाना, धर्म, संस्कृति, संस्कार, यात्रा, आदिसँग सम्बन्धित विश्वासका आधारहरूको निर्माण गरे र त्यसलाई विश्वासकै आधारमा व्यवहारमा उतार्दै पनि गए । लोकविश्वास मानसिक विश्वाससँग सम्बन्धित छ । यसले मानवमा मनौवैज्ञानिक दबाबको सिर्जना गर्दछ । मान्छेको भित्री तहमा गडेर बस्ने र एक पुस्ताबाट अर्को पुस्तामा स्वतः स्वाभाविक ढङ्गले हस्तान्तरण हुँदै जाने लोकविश्वासले आजको युगसम्म जरो गाडेर बस्न सफल छ । लोकविश्वासको यही विशेषताले गर्दा अन्धविश्वास र कुपरम्पराले पनि प्रश्रय पाएको देखिन्छ । यसमा लेखमा *चेतना* शीर्षकको एकाङ्कीमा व्यक्त लोकविश्वास केकस्ता छन् ? भन्ने मूल प्राज्ञिक समस्यालाई केन्द्रमा राख्दै त्यसको अध्ययन र विश्लेषण गरिएको छ र ती लोकविश्वासले नेपाली समाजमा

[*] उपप्राध्यापक, सरस्वती बहुमुखी क्याम्पस (मानविकी सङ्काय, नेपाली विभाग), त्रिभुवन विश्वविद्यालय, नेपाल ।

प्रदान गरेको अर्थ केलाउनुलाई उद्देश्यको रूपमा अगाडि सारिएको छ ।  यसका साथै एकाङ्कीमा प्रस्तुत लोकविश्वासको तार्किक विश्लेषणद्वारा कृतिमा प्राप्त सन्दर्भात्मक अर्थ निरूपण गरिएको छ । लोकविश्वासका आधारमा *चेतना* एकाङ्ककीको अध्ययनले पश्चवर्ती अध्येतालाई समेत मार्गदर्शन दिने हुँदा प्रस्तुत लेख महत्त्वपूर्ण र औचित्यपूर्ण रहेको छ ।

## अध्ययनको विधि

*चेतना* शीर्षकको अध्ययन तथा विश्लेषणका लागि लोकविश्वासको सिद्धान्त तथा अवधारणालाई अवलम्बन गरिएको छ यसकारण यस लेखको शोधपद्धति निगमनात्मक छ । सैद्धान्तिक आधार स्पष्ट पार्नका लागि यसमा लोकविश्वासको सिद्धान्तबारे लेखिएका पुस्तक तथा लेखरचनाहरूबाट सामग्री सङ्कलन गरिएको छ । यसमा मुख्यतः प्राथमिक र द्वितीयक गरी दुई प्रकारका सामग्रीहरू सङ्कलन गरिएका छन् । सोद्देश्यमूलक नमुना छनोटका आधारमा नाटककार जयन्ती 'स्पन्दन'को *चेतना* शीर्षकको एकाङ्कीको चयन गरिएको छ । यसर्थ यसमा प्राथमिक सामग्री विवेच्य कृति *चेतना* एकाङ्की नै हो भने लोकविश्वासबारे लेखिएका पुस्तक र लेखहरू यसका द्वितीयक सामग्री हुन् । पुस्तकालयीय कार्यबाट यस्ता सामग्री सङ्कलन गरिएका छन् र यिनै सामग्रीलाई आधार बनाएर *चेतना* एकाङ्कीमा व्यक्त लोकविश्वासको अध्ययन तथा विश्लेषण गरिएको छ । कृतिपरक विश्लेषणमा आधारित भएकाले प्रस्तुत लेखको अध्ययनविधि गुणात्मक प्रकृतिको रहेको छ ।

## लोकविश्वासको सैद्धान्तिक परिचय

मानव जीवनको प्रारम्भ भएको समयदेखि नै जीवनलाई सुरक्षित र मर्यादित गर्न मानिसले विश्वासका आधारहरु बनाउन थालेको हो । प्रकृतिमा निरन्तर भइरहने स्वाभाविक तथा अस्वाभाविक क्रियाप्रतिक्रिया र त्यसले मानवको मनमा उत्पन्न गर्ने भयबाट मुक्त हुन मानवीय मनमा एक प्रकारको विश्वास जागृत हुन्छ, यसैबाट लोकविश्वास प्रारम्भ भएको हो । लोकविश्वास मौखिक साहित्यझैँ एक पुस्ताबाट अर्को पुस्तामा स्वतः र स्वाभाविक रूपमा हस्तान्तरित हुँदै आएको देखिन्छ । लोकविश्वासका भरमा धार्मिक, सामाजिक, सांस्कृतिक आदि क्रियाकलाप सम्पादन गरिने हुँदा नेपाली समाजको लोक व्यवहारमा यसले महत्त्वपूर्ण स्थान बनाउँदै आएको हो ।

लोकविश्वास एक समस्त शब्द हो । लोक र विश्वास दुवै तत्सम शब्द हुन् । 'लोक' शब्दको अर्थ पुराणअनुसार स्वर्ग, मर्त्य र पाताल तीन स्थान वा पृथ्वीसहित उँभोको भूर्लोक, भुवर्लोक, स्वर्लोक, महर्लोक, जनलोक, तपलोक र सत्यलोक सात र उँधोका अतल, वितल, तलातल, रसातल, महातल र पातालसमेत चौध भुवन (त्रिपाठी र दाहाल, २०६९, पृ.११२०) र 'विश्वास' शब्दको अर्थ दृढ आस्था, श्रद्धा, पत्यार, भरोसा, आड (त्रिपाठी र दाहाल, २०६९, पृ.११६६) भन्ने दिइएको छ । यसरी स्वर्ग, मर्त्य, पाताललगायत चौध भुवनका प्राणी, वस्तु, ग्रह, नक्षत्र, प्रकृति आदिका बारेमा मानव लोकजीवनमा कायम रहेका दृढ आस्था, भरोसालाई नै लोकविश्वास भनिन्छ ।

हंसपुरे सुवेदीका अनुसार "लोकविश्वास मानव जीवनको विज्ञानसम्मत सचेतताअन्तर्गत रहेको जीवनक्रमको निकटतम र मानव भावनाको महान् आधार हो" (सुवेदी, २०५५, पृ.२१) । लोकजीवनमा लोकविश्वासले आधार स्तम्भको रूपमा कार्य गरेको हुन्छ । यसले मानव जीवनलाई संरक्षित र व्यवस्थित बनाउँछ । "'लोकविश्वास' शब्दलाई अङ्ग्रेजी भाषामा फोक बिलिभ भनिन्छ । यस शब्दले मान्छेको मनमा भित्री तहमा गडेर बसेको मानवीय मनोवैज्ञानिक दबाब र मानसिक विश्वासलाई सारका रुपमा ग्रहण

गरेको छ । यस शब्दले सुसङ्केत र कुसङ्केतका रूपमा विद्यमान रहेका सामाजिक, संस्कृतिलाई बोध गराएको हुन्छ" (लम्साल, २०७७, पृ.१४५) । यसरी नेपाली समाजमा विद्यमान लोकविश्वासले शुभ र अशुभको बोध गराउँदछ । लोकविश्वासले सकारात्मक र नकारात्मक अर्थ बोध गराउँदछ । "यसैले मानिसले सामाजिक जीवन सञ्चालन गर्न उपयोग गर्ने व्यवहारपरक अन्धविश्वासलाई लोकविश्वास भनिएको हो । यस शब्दले लोकमा प्रचलित प्राकृतिक, भौगर्भिक, सांस्कृतिक, धार्मिक, व्यावहारिक, भौगोलिक, ज्योतिष, उपचार, शरीरसँग सम्बन्धित अनेक प्रकारका विश्वासका सन्दर्भलाई जनाउँछ" ( पौड्याल, २०७८, पृ.३०) । लोकविश्वास तर्कमा भन्दा पनि अज्ञानताको जगमा टेकेर बन्ने हुँदा अन्धविश्वासले जरो गाड्न सफल भएको हो । "लोक समुदायले अन्तस्करणदेखि नै स्वीकार गरेका विश्वासहरूलाई लोकविश्वास भनिन्छ" (पराजुली, २०७२, पृ.४४) । यसैकारण लोकविश्वासले मानवीय मनोवैज्ञानिक दबाब राख्दछ । लोकको विश्वास तार्किक र बौद्धिकभन्दा प्रचलित मान्यता र मानव निर्मित व्यवहारबाट निर्देशित भएको हुँदा कतिपय लोकविश्वासमा लैङ्गिक असमानता, जातीय छुवाछुत, अन्धविश्वासले प्रश्रय पाएको देख्न सकिन्छ । लोकमा प्रचलित बनेका लोकविश्वासका सन्दर्भहरू असीमित छन् किनकि अनेक प्रकारका विश्वासका आधार मानिसले तयार पारेका र त्यसलाई व्यवहारमा निरन्तरता दिँदै आएका पनि छन् । नेपाली समाजमा जादु, टुनामुना र योगसँग सम्बन्धित विश्वासहरू, धर्म/अनुष्ठानप्रतिका विश्वासहरू, आत्मशीलताप्रति विश्वास, भाग्यप्रतिको विश्वास, भविष्यवाणीप्रति विश्वासलगायतका अनेकन लोकविश्वास विद्यमान देखिन्छन् ।

सकारात्मक अर्थमा लोकविश्वासलाई शकुन मानिन्छ । "कुनै कामको थालनी गर्ने वा कामका लागि यात्रामा निस्किने समयमा पनि साइत हेरेर मात्र यात्रा प्रारम्भ गर्ने प्रचलन नेपाली समाजमा कायम रहेको पाइन्छ । साइत हेर्नु भनको सकारात्मक अर्थसँग सम्बन्धित विषय हो" (पौड्याल, २०७८, पृ.३३) । शकुन शुभाशुभको सङ्केत हो । कुनै पनि शुभ कार्य गर्दा निर्बिघ्नतापूर्वक काम सम्पन्न होओस् भन्ने हेतुले तयार बनेका लोकविश्वास सकारात्मक अर्थका लोकविश्वास हुन् । यस्तै गरी नेपाली समाजमा नकारात्मक अर्थका लोकविश्वास पनि रहेका देखिन्छन् । नकारात्मक अर्थमा लोकविश्वासलाई अपशकुन मानिन्छ । "शकुनशास्त्रमा निषेध गरिएको दिन, बार, तिथि, नक्षत्र, योग, करण, मुहूर्तमा काम प्रारम्भ गरियो भने अनिष्ट बेहार्नुपर्ने मान्यता नेपाली समाजमा कायम रहेको पाइन्छ" (पौड्याल, २०७८, पृ.३४) । अपशकुनलाई अनिष्ट र कुसङ्केतनका अर्थमा लिइन्छ । यस्ता कार्यहरू गर्न निषेधसम्बन्धी अनेकन लोकविश्वास बनेका पाइन्छन् ।  यसरी नेपाली समाजमा सकारात्मक र नकारात्मक अर्थका लोकविश्वास विद्यमान छन् ।

नारी नाटककार जयन्ती 'स्पन्दन'द्वारा लिखित *चेतना* शीर्षकको एकाङ्कीमा नकारात्मक अर्थका लोकविश्वासको बाहुल्यता देखिन्छ । नेपाली समाजमा अनेकन तरहका लोकविश्वास प्रचलित रहे तापनि यस लेखमा पापपुण्यसम्बन्धी लोकविश्वास, लैङ्गिकतासम्बन्धी लोकविश्वास र निषेधसम्बन्धी लोकविश्वासका आधारमा *चेतना* एकाङ्कीको कृतिपरक अध्ययन र विश्लेषण गरिएको छ ।

## 'चेतना' एकाङ्कीमा पापपुण्यसम्बन्धी लोकविश्वास

नेपाली समाजले बहुधार्मिक तथा बहुसांस्कृतिक मान्यतालाई अङ्गीकार गर्दै अगाडि बढेकाले लोकविश्वासमा धार्मिक सन्दर्भको उपस्थिति पाइन्छ । कर्म, पर्व, संस्कारलगायतका अधिकांश विषय धार्मिक विश्वासले प्रभावित रहन्छ । पापपुण्यसम्बन्धी विश्वासका सम्बन्धमा मोतीलाल पराजुली निम्नानुसार अभिव्यक्ति पाइन्छ :

> लोक जीवनले धार्मिक तथा सामाजिक आचरणको व्यवस्थित परम्परा बसालेको पाइन्छ, यही व्यवस्थित परम्पराको एउटा पक्ष हो पाप र पुण्य । धार्मिक दृष्टिले खराब ठहरिने र इहलोक-परलोक दुवैमा अशुभ फल दिने कार्य वा कुकर्मलाई पाप भनिन्छ भने पवित्र कर्म वा सत्कर्म गर्नुलाई पुण्य भनिन्छ (पराजुली, २०७२, पृ.५७) ।

पुण्य सत्कर्ममा आधारित हुन्छ भने पाप कुकर्मको फल मानिन्छ । पुण्य शुभ फल हो भने पाप निषिद्ध कार्यबाट प्राप्त हुने कठोर दण्ड हो । पाप कार्य धर्म बहिष्कृत कार्य हो । नेपाली समाजमा यस्ता पापपुण्यसम्बन्धी अनेक विश्वास विद्यमान छन् ।

*चेतना* शीर्षकको एकाङ्कीमा आमा भन्ने पात्रमा पापपुण्यसम्बन्धी लोकविश्वासको गहिरो प्रभाव देखिन्छ । उनमा रहेको पापपुण्यसम्बन्धी लोकविश्वास हिन्दू धर्मबाट निर्देशित छ । रजस्वला हुनु युवती अवस्थामा देखिने एक शारीरिक स्वाभाविक प्रक्रिया हो तर आमामा रजस्वला हुनु कुनै पापतुल्य कार्य तथा अपवित्रताको द्योतक हो भन्ने लोकविश्वास छ । त्यसैकारण उनी प्रथमपटक रजस्वला भएकी आफ्नी छोरी बाटुलीलाई गाली गर्दै भन्छिन्

> लौ न नि ! असक्ति किन यताबाट आएकी ? घरपछाडिबाट गएर टाट्नाका छेउतिर भारी बिसाउनु पर्दैन । यता फर्किंदैनफर्की, जाजा गैहाल । बुबा र दाइ यतै बसेका छन्, फलफूलका बोट यतैतिर नुहेका छन्, गर्नु गरिहाली नि बजिनीले । सुद्धि नभएकी आइमाई थाहा छैन तँलाई । लोग्नेमान्छेको अनुहार हेर्नु हुँदैन, त्यो पनि बुबा र दाइको । तिनीहरूको आयु घटाएर के पाउँछेस् तैँले । हिजो त्यत्रो भनेकी त पत्तै छैन, यस लाटीलाई । हामी त नछुने हुँदा साता दिनसम्म बाछौँ । झन् पहिला पालाले एक महिनै बार्नुपर्छ । पापिनी ! नछुने हुँदा के गर्न हुने के गर्न हुने, अरूको देखेर पनि जान्नु पर्ने है । तँ त कुलङ्घार्नी नै रैछेस् (पृ.३७) ।

उनमा अज्ञानता छ । यही अज्ञानताका कारण अन्धविश्वासले उनको मनोविज्ञानमा गहिरो प्रभाव पारेको छ । रजस्वला हुनु कुनै पाप हो भन्ने लोकविश्वास कै कारण उनले आफ्नी छोरीलाई पापिनी, असक्ति, कुलङ्घार्नी, बजिनीजस्ता अपमानित शब्द प्रयोग गरेकी छन् । रजस्वला भएको अवस्थामा लोग्नेमान्छेको अनुहार हेर्नुहुँदैन; हेरेमा उनीहरूको आयु घट्छ ; र बोटबिरुवालाई छोइएमा, सो पनि मर्छ भन्ने विश्वास आमामा देखिन्छ । पितृसत्तात्मक सामाजिक् व्यवस्थामा छोरालाई बढी प्राथमिकतामा राखेर यस्ता लोकविश्वास तयार पारिएका देखिन्छन् । रजस्वला भएको अवस्थामा गाईको दूध खानुहुँदैन भन्ने लोकविश्वास पनि आमामा छ । उनी भन्छिन् : “नछुने भ'का बेलामा छाइछुइ गर्न हुँदैन महापापी हुइन्छ भनेर सिकाउँथ्यौ त अरुबेला । अस्ति ऋषिपञ्चमीमा पनि गाउँका सबलाई कथा सुनाएका होइनौ । तिम्रो कुन शास्त्रमा छ ? नछुने भा'का बेलामा गाईको दूध खानुपर्छ भन्ने कुरा । खै पञ्चमीको कथामा आएन” (पृ.३८) । रजस्वला भएको अवस्थामा गाईको दूध खानु पाप कर्म हो भन्ने लोकविश्वास आमामा देखिन्छ । ऋषिपञ्चमीमा सुनाइने कथामा पनि रजस्वला भएको अवस्थामा छाइछुइ गरेमा पाप लाग्ने सन्दर्भ रहेको र त्यसबाटै यस्ता पापपुण्यसम्बन्धी लोकविश्वास बनेका देखिन्छन् ।

पापपुण्यसम्बन्धी लोकविश्वासको प्रबलताकै कारण आमाले भोकाएकी छोरीले पेट दुख्यो भन्दा पनि कठोरता प्रदर्शन गर्दै भन्छिन् : “नछुने भा'की, त्यो पनि पहिलो पालाकीलाई पहिल्यै खानदिएर कसरी औसानी हाल्छौ नि ? छिटो खाइदिए छिटै दिहाल्छु नि ! एकै छिन त हो, खपिहाल्छे” (पृ.३८) । रजस्वला भएकी छोरीलाई सबभन्दा पहिले खाना दियो भने पाप लाग्छ भन्ने लोकविश्वास आमा छ । रजस्वला अवस्थामा छोरीले घरमा बसी भने घर अपवित्र हुने विश्वास आमाको देखिन्छ । त्यसैले त रजस्वला भएकी छोरी बाटुलीको बास गोठमा छ । “पहिलो पाला छाइछुतो गरे कुलाइन बिग्रन्छन् । के गर्नु, घरमा राख्न भएन । घरपछाडिको गोठमा छे नि !” (पृ.३९) भन्ने लोकविश्वास आमाको छ । रजस्वला भएकी छोरी घरमा बसे घर र कुलको शुभ नहुने विश्वास आमामा छ । छोरीलाई रजस्वला हुनुभन्दा अघि नै कन्यादान गरी दिन सकेमा पुण्य पाइन्छ भन्ने विश्वास आमामा रहेको छ । उनी भन्छिन् : “नछुने

भैसकेकाको कन्यादान दिए पनि फल पाइँदैन भन्छन्, यत्तिकै छिटो होलाजस्तो लागेको थिएन" (पृ.३९) । कन्याको दान नै सबैभन्दा पुण्य कर्म हो भन्ने लोकविश्वासले नेपाली समाजमा जरो गाडेको आमाको उक्त अभिव्यक्तिबाट प्रस्ट हुन्छ । यसैको प्रतिफल नेपाली समाजमा बालविवाह प्रचलनमा आएको हो भन्न सकिन्छ । यसरी यस एकाङ्कीमा रजस्वलाको अवस्थालाई अशुभ तथा पापको सङ्केतन मानिएको छ ।

## लैङ्गिकतासम्बन्धी लोकविश्वास

नेपाली समाजमा लैङ्गिकतासम्बन्धी लोकविश्वास प्रचलित देखिन्छन् । पितृसत्तात्मक सामाजिक व्यवस्थाको आरम्भसँगै लैङ्गितासम्बन्धी लोकविश्वास बन्न थालेका हुन् भन्न सकिन्छ । लैङ्गितासम्बन्धी लोकविश्वासले छोरालाई मुख्य र छोरीलाई हीनको अर्थमा अर्थ्याइएको पाइन्छ । चेतना एकाङ्कीमा पनि छोरालाई कुलको इज्जत मानेर त्यसको संरक्षण गर्ने र छोरीलाई अर्काको घरमा जाने जात भनेर हीन मान्ने लोकविश्वास प्रस्तुत देखिन्छ । "अर्काका घरमा जाने जातलाई धेर माया गरेर पुल्पुल्याउनु हुन्न, पछि सासूससुरा, देवरजेठाजु, नन्दआमाजुलाई नटेर्ली" (पृ.३८) भन्दै आमाले विवाह गरेर अर्काको घर जाने छोरीलाई बढी माया गर्नुहुन्न भन्ने लोकविश्वास प्रकट गरेकी छन् । विवाह गरेर दुलही दुलाहाको घरमा जाने परम्परा आजसम्म पनि नेपाली समाजमा विद्यमान देखिन्छ । सावित्री कक्षपतीका अनुसार "प्रकृतिले दिने अवसर र सुविधा ती दुवै नारी र पुरुषलाई जन्मदेखि मृत्युसम्म सबै कुरामा कहीँकतै विभेद नगरीकन बडो सन्तुलनमा प्रदान गरिरहेको हुन्छ " (कक्षपती, २०७७, पृ.४२१)

तापनि अर्काको घर गरी खाने जात भन्दै छोरीलाई सानैदेखि घरायसी काममात्र लगाउने, छोरीमा अन्धआज्ञापरायणता हुनुपर्ने भन्ने जस्ता लोकविश्वास नेपाली समाजमा रहेको छ । छोरो वंशको उत्तराधिकारी मानिने हुँदा समाजमा उसलाई बढी छुट छ । यहाँ बाटुलीको दाइ वीरमानलाई गाउँ डुल्ने छुट देखिन्छ । यसरी नेपाली समाजमा विद्यमान लैङ्गितासम्बन्धी लोकविश्वास छोरीका सन्दर्भमा एकदम कठोर अर्थमा बनेका देखिन्छन् । यही लोकविश्वासको हाबीका कारण यहाँ आमा छोरीप्रति बढी कठोर र निर्मम रूपमा प्रस्तुत भएकी छन् ।

## निषेधसम्बन्धी लोकविश्वास

कुनै काम गर्न वर्जित गरिएको अवस्था निषेधको अवस्था हो । काम गर्न नहुने अर्थका लोकविश्वास पनि नेपाली समाजमा प्रचलित पाइन्छन् । "समाज, परिवार र धर्मलाई व्यवस्थित तुल्याउन, रक्षा गर्न र नियमहरूको पालना गर्न निषेध वा वर्जनासम्बन्धी नीति लोक समाजमा प्रचलनमा रहेको विश्वास गर्न सकिन्छ" (पराजुली, २०७२, पृ.६८) । नेपाली लोकजीवनमा यस्ता निषेधसम्बन्धी धेरै लोकविश्वासहरू बनेका पाइन्छन् । *चेतना* शीर्षकका एकाङ्कीमा यस्ता निषेधसम्बन्धी लोकविश्वासहरू प्रस्तुत भएका छन् । यसमा विशेषतः रजस्वला भएको अवस्थामा गर्न नहुने कामहरू विश्वासका रूपमा चित्रित छ जस्तै रजस्वला भएकी युवतीले घरका पुरुष सदस्यको मुख हेर्न नहुने, घरभित्र वास बस्न नहुने, बोटविरुवालगायतका वनस्पति छुन नहुने, गाईको दूध खान नहुने, घरका अन्य सदस्यले खाना खाएपछि मात्र खाना खानुपर्ने, कतै पनि छाइछुइ गर्न नहुने आदि । रजस्वला भएकीले पुरुषलाई हेरेमा तिनको आयु घट्ने, बिरुवालगायत वनस्पति छोइएका सो पनि मर्ने, गोठमा बास बस्नुपर्ने आदि विश्वास लोकजीवनमा रहेका छन् । रजस्वला हुने कार्यलाई अपवित्र तथा पाप कर्म मान्दै छोरी मान्छेका लागि यस्ता निषेधसम्बन्धी लोकविश्वास नेपाली लोकजीवनमा बनेका र अभ्यासमा आएका देखिन्छन् । यस्ता लोकविश्वासका उपज लोकजीवनमा नारीविरोधी विविध प्रथा र अभ्यासमा आएका देखिन्छन् । सुजित मैनालीका अनुसार "उसो त

अहिलेसम्म अभ्यास भइरहेका दाइजोका नाममा बुहारी जलाउने प्रवृत्ति, बोक्सी प्रथा, वेश्यावृत्ति, बुर्का प्रथा, घुम्टो प्रथा, बालविवाह, महिला बेचबिखन नारीविरोधी चलन र अभ्यासमा सतीप्रथाकै भाव सन्निहित छ" ( मैनाली, २०७८, पृ.११) । नारीविरोधी चलन र अभ्यासमा छाउपडी प्रथालाई पनि लिन सकिन्छ । रजस्वलामा शारीरिक परिवतर्ननका साथसाथै मानसिक तनाव सिर्जना हुने हुँदा त्यसको व्यवस्थापनका लागि झन् पहिलाको तुलनामा आहारविहारमा विशेष ख्याल राख्नुपर्नेमा यस्ता लोकविश्वासले आमाछोरीको सम्बन्धमा नै तिक्तता सिर्जना गरिदिएको अवस्थामा एकाङ्कीमा चित्रित छ ।

## निष्कर्ष

लोकजीवनले लोकविश्वासलाई मानव जीवनको आधार स्तम्भ मान्दछ । लोकविश्वास अचेतन तत्वबाट प्रेरित र सञ्चालित हुने हुँदा यसको सोझो र गहिरो सम्बन्ध मनोविज्ञानसँग रहन्छ । नेपाली लोकजीवनमा अनेकन तरहका लोकविश्वास विद्यमान छन् । तीमध्ये कतिपय लोकविश्वासभित्र वैज्ञानिक तथ्य पनि हुन सक्दछन् भने कतिपय लोकविश्वास अज्ञानता र अन्धविश्वासबाट पनि बनेका देखिन्छन् । सत्कर्म गर्दा पुण्य पाइन्छ र हिंसा गर्दा पापको भागीदार भइन्छ भन्ने विश्वास सर्व स्वीकार्य छ तर *चेतना* एकाङ्कीमा प्रस्तुत पापपुण्यसम्बन्धी लोकविश्वास, लैङ्गितासम्बन्धी लोकविश्वास र निषेधसम्बन्धी लोकविश्वास लोकजीवनबाट अन्त्य हुनु अत्यावश्यक छ । यस्ता लोकविश्वासले केवल महिलालाई हीन अर्थमा मात्र चित्रित गर्दछ । यस एकाङ्कीका बाटुलीले छोरी मान्छे भएकै कारण र रजस्वला अवस्थामा रहेकै कारण जन्म दिने आमाबाट नै अमानवीय व्यवहार भोगेकी छन् । रजस्वलालाई अपवित्र र अपशङ्कुन मान्ने विश्वासकै कारण उनलाई आफ्नी आमाले पापिनी मात्र भनेकी छैनन्, भोक लागेकोले खानका लागि बेलुकीको बासी रोटी माग्दा पनि दिएकी छैनन् । आमामा रहेको लोकविश्वासले बाटुलीले आफ्नो जीवनलाई हीन सम्झन विवश बनाइएको छ । आमामा रहेको लोकविश्वासले गर्दा यहाँ बाटुलीलाई आइमाई बन्न विवश पारिएको छ । यसैकारण उनी पापिनी भएर बाँच्नुभन्दा मर्नु नै निको भन्ने मनस्थितिमा पुग्छिन् ।

लोकविश्वास लोकजीवनलाई संरक्षित, व्यवस्थित र मर्यादित बनाउने हेतुले बनाइन्छ भन्ने कुरा सत्य हो भन लैङ्गिक विभेद र अन्धविश्वासलाई प्रश्रय दिने, नारीलाई नरकको ढोका स्वीकार गर्ने र नारीको चरित्रप्रति नकारात्मक अर्थ राख्ने यस्ता लोकविश्वास लोकजीवनबाट अन्त्य हुनु अत्यावश्यक हुन्छ । रजस्वला पापको अवस्था होइन, यो त एउटा उत्सवको क्षण हो, जहाँबाट सृष्टि आरम्भ हुन्छ भन्ने विश्वास लोकजीवनमा स्थापित हुनुपर्ने देखिन्छ ।

## सन्दर्भ-सामग्री


कक्षपती, सावित्री (२०७७). 'नारी सम्बोधन किन ? नारी असमान होइन : भिन्न व्यक्तित्वमा'. *भृकटी.* काठमाडौँ : भृकुटी पब्लिकेशन्स, भाग-२३, पृ.४१९-४२४ ।

गिरी, जीवेन्द्रदेव (२०५७). *लोक साहित्यको अवलोकन.* काठमाडौँ : एकता प्रकाशन ।

गिरी, जीवेन्द्रदेव (२०६७). *नेपाली लोकसाहित्यमा जनजीवन.* काठमाडौँ : एकता प्रकाशन ।

जोशी, सत्यमोहन (२०४२). *हाम्रो लोक संस्कृति.* काठमाडौँ : रत्नपुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव (२०३२). *सिंहावलोकन.* (दो.सं.). ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र दाहाल, वल्लभमणि (विशेष सम्पा.). (२०६९). *नेपाली बृहत् शब्दकोश.* (आठौँ संस्क.). काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, मोतीलाल (२०७२). 'लोकगाथामा लोकतत्त्व'. *नेपाली लोकवार्ता.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौड्याल, षडानन्द (२०७८). *नेपाली लोकविश्वास.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०७१). *नेपाली लोकसाहित्य* .(तृ.सं.).काठमाडौँ : एकता बुक्स ।

मैनाली, सुजित (२०७८). *सती.* काठमाडौँ : किताब पब्लिसर्स प्रा.लि.।

लम्साल, रामहरि (२०७७). 'कुञ्जिनी खण्डकाव्यमा कुसङ्केतन'. *प्रज्ञा.* अ.२, पृ.१४५ ।

लामिछाने, कपिलदेव (२०७७). *लोकसाहित्य सिद्धान्त.* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, हंसपुरे (२०५५). *नेपाली जनजीवन : लोकविश्वास.* ललितपुर : साझा प्रकाशन ।